www.sarbottamcement.com

सर्वोत्तम सिमेन्ट

Sarbottam Cement Limited
Corporate Office :
Neupane Tower, 5th Floor, Tinkune, Kathmandu, Nepal | Tel: 01-4111621/4111709/4111942/4117502
Sarbottam Factory :
Sunwal Nagarpalika, Ward no-11, Jodeni Nawalparasi

## Unaudited Statement of Financial Position
## As At 12th Apr, 2024 (Chaitra 30, 2080)

| Particulars | Sarbottam Cement | |
|---|---|---|
| | 12th April, 2024 (Chaitra 30, 2080) | 13th April, 2023 (Chaitra 30, 2079) |
| **Assets** | | |
| **Non Current Assets** | | |
| Property, Plant & Equipment | 8,156,402,366 | 7,527,155,079 |
| Intangible Assets | 1,018,296 | 1,675,518 |
| Investment | 556,036,900 | 256,036,900 |
| Other Non-Current Assets | 12,402,560 | 12,402,560 |
| **Total Non Current Assets** | **8,725,860,122** | **7,797,270,058** |
| **Current Assets** | | |
| Inventories | 2,742,883,950 | 2,377,834,355 |
| Financial Assets | | |
| Trade Receivables | 1,921,696,944 | 1,745,933,875 |
| Cash & Cash Equivalent | 313,672,153 | 160,400,934 |
| Others | 28,261,545 | 25,453,758 |
| Other Current Assets | 144,004,423 | 146,331,911 |
| Income Tax Assets (Net) | 21,385,112 | 25,472,119 |
| **Total Current Assets** | **5,171,904,127** | **4,481,426,952** |
| **Total Assets** | **13,897,764,249** | **12,278,697,010** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Equity Share Capital | 4,650,000,000 | 4,050,000,000 |
| Other Equity | 4,904,965,550 | 2,996,718,672 |
| Revaluation Reserve | 336,854,187 | |
| **Total Equity** | **9,891,819,736** | **7,046,718,672** |
| **Non Current Liabilities** | | |
| Financial Liabilities | | |
| Long Term Borrowings | 152,503,200 | 258,120,164 |
| Deferred Tax Liabilities | 317,271,770 | 306,736,501 |
| **Total Non Current Liabilities** | **469,774,970** | **564,856,665** |
| **Current Liabilities** | | |
| Financial Liabilities | | |
| Trade Payables | 255,453,105 | 761,639,330 |
| Short Term Borrowings | 3,083,834,027 | 3,641,582,146 |
| Other Financial Liabilities | 6,810,902 | 18,630,328 |
| Other Current Liabilities | 139,796,406 | 197,157,500 |
| Provisions | 50,275,103 | 48,112,369 |
| **Total Current Liabilities** | **3,536,169,543** | **4,667,121,673** |
| **Total Liabilities** | **4,005,944,513** | **5,231,978,338** |
| **Total Equity and Liabilities** | **13,897,764,249** | **12,278,697,010** |

## Unaudited Statement of Profit or Loss for the Period
## Ended Chaitra 30, 2080 (April 12, 2024)

| Particulars | Sarbottam Cement | |
|---|---|---|
| | FY 2080 I 2081 (Upto Chaitra) | FY 2079 I 2080 (Upto Chaitra) |
| Revenue From Operations | 4,559,099,807 | 3,642,647,222 |
| Cost of Sales | 3,942,990,351 | 3,013,609,763 |
| **Gross Profit** | **616,109,455** | **629,037,459** |
| Other Income | 30,834,196 | 3,670,518 |
| **Expenses:** | | |
| Administrative Expenses | 66,553,026 | 68,621,319 |
| Selling & Distribution Expenses | 151,566,069 | 130,232,902 |
| Finance Cost | 304,745,773 | 300,231,359 |
| **Total Expenses** | **522,864,869** | **499,085,580** |
| **Profit/(Loss) Before Tax** | **124,078,782** | **133,622,397** |
| **Tax Expense** | | |
| Current Tax | 2,091,201 | 1,544,336 |
| Deferred Tax | 1,217,624 | 40,790,976 |
| **Net Profit/(Loss)** | **120,769,958** | **91,287,085** |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
## (नियम २६ को उपनियम (१) साग सम्बन्धित) आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

**(क) तेस्रो त्रैमासिक सम्मको वासलात नाफा नोक्सान सम्बन्धी विवरण:**

यस संस्थाको तेस्रो त्रैमासिक सम्मको नाफा नोक्सान तथा वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

यस अवधीको सम्बद्ध संस्थाहरुसंग भएको कारोबारको विवरण निम्न अनुसार रहेको छ :

| क्र.स. | सम्बद्ध संस्थाहरुको नाम | कारोवार रकम (मु.अ. बाहेक) | |
|---|---|---|---|
| | | खरिद | विक्रि |
| १ | सर्वोत्तम मिनरल्स प्रा.लि. | ५,६५,७४,५९५ ।५३ | २,९१,१५० ।०० |
| २ | जगदम्बा सिमेन्ट प्रा.लि. | ४७,६१,५२१ ।०० | ६३,९२,२०,६१३ ।०० |
| ३ | शुभश्री जगदम्बा सिमेन्ट लि. | २२,४८,५३,८६८ ।०४ | ५,८६,०७,३८४ ।१७ |
| ४ | लक्ष्मी स्टिल्स लि. | १,९५,११,६०५ ।०० | १,९५,९६,९३८ ।०० |
| ५ | सर्वोत्तम स्टिल लि. | | ३१,२०० ।९१ |
| ६ | सौरभ फोटो इन्टरनेशनल | २,६५४ ।८७ | |

**(ख) प्रमुख वितिय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिक रु) | प्रतिशेयर नेटवर्थ रु. | प्रतिशेयर कूल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|
| ३.४६ | २१२.७३ | २९८.८८ | १.४६ |

**२. व्यवस्थापकीय विश्लेषण**

**क)** यस अवधिमा संस्थाको तरलता लगायतका अन्य कुराहरु सन्तोषजनक रहेका छन् ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

निकट भविष्यमा हामीले उद्योगको उत्पादन क्षमताको उपभोग वृद्धि गर्दै सञ्चालन गर्ने तथा उत्पादनमा लाग्ने लागत घटाउँदै निरन्तर नेपाली तथा भारतिय बजारमा उच्च गुणस्तरको सिमेन्ट आपूर्ती गराउने लक्ष्यका साथ बजार विस्तार तथा बजारमा आफ्नो ब्राण्डको उपस्थिति मजबुत बनाउँदै लैजान योग्य सिमेन्ट कम्पनीहरुलाई आवश्यकता अनुसार खरिद गर्ने रणनिति सर्वोत्तम सिमेन्टको रहेको छ ।

विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन र विक्री वितरण गरी उच्च गुणस्तरीय सिमेन्ट आम उपभोक्ताहरुका बीचमा पुर्‍याउने सम्बन्धी कार्यहरु गरी मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्योजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिबद्ध रहेको छ ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

कोभिड संक्रमण पश्चात आर्थिक मन्दीको साथै राज्यको नितिगत सुधारको अभावमा जटिल बनेको नेपाली सिमेन्ट बजार रुस-युक्रेन युद्दका कारण विदेशी मुद्राको सटही दरमा भएको उच्च बृद्धि लगाएत ईन्धनको मूल्यमा भएको वृद्धिले उत्पादन लागत खर्च बढ्न गएको, बिक्रि मुल्यमा ह्रास भएको अवस्थामा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रवर्द्धन र बजार विस्तारसँग सम्बन्धित कार्यहरुलाई अभ प्रभावकारी रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्दै उल्लेखित चुनौती र समस्याका अतिरिक्त अन्य कुराहरुले असर गर्न सक्ने भएतापनि हाल सम्म यस्ता घटनाबाट पर्न सक्ने असरबाट संस्था सचेत भई संस्थालाई प्रगति उन्मुख बनाउन कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरु संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण** : **(यस संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको जानकारी)** :-

(क) नेपाल विद्युत प्राधिकरणसँगको डेडिकेटेड र ट्रंक लाईनको छुट विल विवाद सम्बन्धी विभिन्न मुद्दाहरु सम्मानित अदालत र डेडिकेटेड तथा ट्रंक लाईनको विद्युत महशुल विवाद समाधानका लागि गठित जाँचबुझ आयोगमा विचाराधिन रहेको ।

(ख) कम्पनीले सिमेन्ट विक्री गर्न नियुक्त गरेका वितरक र सिमेन्ट खरिदकर्ता संस्थाहरुले समयमा रकम भुक्तानी नगरेको विषयमा त्यस्ता केहि संस्था समेतका विरुद्ध रकम असूलीका लागि श्री काठमाडौं जिल्ला अदालत र अन्य जिल्ला अदालतहरुमा फिराद दायर गरेकोमा कानूनी प्रक्रियामा मुद्दाहरु विचाराधिन रहेका छन् ।

**४. संस्थाको शेयर कारोबार तथा प्रगति विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेको छ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको दिन र शेयर कारोबार संख्या:

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मल्य रु. | कारोबार दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १०८३ | ५५६ | ८४७ | १५ | १७८५५०३ |

**५. समस्या तथा चुनौती** :

नेपाल सरकार तथा नियमनकारी निकायबाट समय समयमा प्रतिकुल निति नियम तर्जुमा गर्दा, समस्या तथा चुनौती थप हुन सक्ने अस्वस्था रहेको छ । बाह्रय रुपले अन्तराष्ट्रिय समसामयिक घटनात्रम तथा आर्थिक मन्दीले सृजना हुने विदेशी मुद्राको सटही दरमा हुने उच्च वृद्धि तथा ईन्धन र कोईलाको मूल्य वृद्धिले संस्थालाई कारोबारमा समस्या तथा चुनौती थप हुन सक्नेछ । बैंकको व्याजदर तथा तरलता स्थिर नहुनुले कम्पनीलाई समस्या तथा चुनौती थप हुनेछ । विश्वव्यापी रुपले संक्रमण फैलिन सक्ने कोभिड जस्ता अन्य माहामारी , प्राकृतिक आपदा तथा सृजना हुन सक्ने अन्य कम्पनीको काबु बाहिरको परिस्थितीहरुले कारोबारमा चुनौति थप गर्न सक्ने अवस्था रहेको छ । साथै संस्थाको सूचना प्रविधि प्रणालि तथा महत्वपूर्ण तथ्याङ्क संग्रहित सर्वरमा हुन सक्ने जोखिमलाई अवलम्बन गरी प्राविधिक सेवाहरुको विस्तार, मानव संशानधनको दक्षतामा अभिबृद्धि र चुस्त बनाई संस्थालाई सञ्चालन गर्ने निति अवलम्बन गरिएको छ ।

**६. संस्थागत सुशासन**

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न, आन्तरिक लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउन, कारोबारलाई चुस्त, छिटो, छरितो बनाउन कारोबारमा आकर्षित हुने सबै ऐन, नियम, निर्देशिकाहरुको पूर्ण पालना गर्दै उद्योग संचालन गरिएको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासनको विकास गर्न एवम् सोको अनुभूति गराउन संस्था सदैव तत्पर रहेको छ ।

**७. सत्य तथ्यताका सम्बन्धमा अध्यक्षको उद्घोषण** :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको सत्यताको सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन्, लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाइएको छैन भनि उद्घोषण गर्दछु ।